का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ फागुन २०७९,
आइतबार
5 March 2023,
Sunday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## माधव नेपालले जितेको खेल

१० पुसमा बनेको गठबन्धनमा समेटिन नसकेको नेकपा एकीकृत समाजवादीले पाँचै वर्ष सरकार बाहिर रहनुपर्ने अवस्था सिर्जना भएको थियो । तर, आफैं प्रधानमन्त्री बन्नेगरी माधव नेपालले १० पुसको गठबन्धन भत्काएर चुनाव अगाडिकै गठबन्धन ब्यूँताउन सफल भए ।



दुई वर्षमा प्रधानमन्त्री फेरिन्छन् । एक वर्ष माधवकुमार नेपाल प्रधानमन्त्री बन्नुहुनेछ ।

● डा. शशांक कोइराला
पूर्वमहामन्त्री, कांग्रेस

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष । नेकपा एमालेमा अन्तरसंघर्ष चरम उत्कर्षमा पुग्दा आफूलाई साथ दिने भीम रावल, युवराज ज्ञवाली, रघुजी पन्त, योगेश भट्टराई, अष्टलक्ष्मी शाक्य लगायतले एमाले फुटाएर एकीकृत समाजवादी गठन गर्दा साथ दिएनन ।

कारण, पार्टी फुटेर बनेको नयाँ पार्टीको भविष्य असुरक्षित छ । आफ्नै टिममा रहेका नेताहरुले असुरक्षित देखेपनि नेपालले नयाँ पार्टी गठनको निर्णय लिए । जसलाई रामकुमारी झाँक्री, बेदुराम भुसाल लगायतको साथ रह्यो ।

चुनाव अगाडिसम्म एमालेले एकीकृत समाजवादीको अस्तित्व स्वीकार गरेन । तर प्रत्यक्षतर्फ एकीकृत समाजवादीले १० सिट जित्यो । त्यसपछि एमाले केही लचक भयो । तर, फेरि पनि एकीकृत समाजवादीसँग लचक भइरहेको थिएन । एउटा उदाहरण - चुनाव अगाडिको पाँच दलीय गठबन्धन बाहिरबाट गत १० पुसमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बन्यो ।

चुनाव अगाडिको पाँच दलीय गठबन्धन छाडेर प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री बने । प्रचण्डले कांग्रेस बाहेकका चुनाव अगाडिको गठबन्धनमा रहेका एकीकृत समाजवादीसहितका दलहरुलाई सरकारमा सहभागी गराउन खोजे । तर एमालेले अस्वीकार गर्‍यो । अर्थात्, १० पुसमा बनेको गठबन्धनमा समेटिन नसकेको नेकपा एकीकृत समाजवादी – बाँकी पृष्ठ २ मा




# विश्वासको खडेरी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

एक महिनामै सरकार बदलिएको सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री कमलबहादुर शाहले फेरि पनि विश्वासको मत पाउनेमा आशंका देखिएको छ । नेकपा माओवादी केन्द्रको शनिबार बसेको संसदीय दलको बैठकले मुख्यमन्त्री शाहलाई यथास्थितिमा विश्वासको मत दिन नसकिने निर्णय गरेको हो ।

जबकी केन्द्रमा बदलिएको सत्ता समीकरण अनुसार, मुख्यमन्त्री शाह विश्वासको मत पाउनेमा ढुक्क थिए । किनकि अहिले शाहलाई विश्वासको मत पाउन ३ मत मात्रै अपुग छ । तर ५३ सदस्यीय प्रदेशसभामा कांग्रेससँग १९ र नेकपा एकीकत समाजवादीसँग ५ सिट छ । एकीकृत समाजवादी सरकारमा गइसकेकाले मुख्यमन्त्री शाहलाई विश्वासको मत पाउन ३ मत मात्रै अपुग रहेको हो ।

यस्तोमा माओवादी केन्द्रले विश्वासको मत दिए मुख्यमन्त्री शाहको पद जोगिन्छ । माओवादीसँग ११ सिट रहेकाले मुख्यमन्त्री शाह ढुक्क थिए । तर शनिबार माओवादी केन्द्रले गरेको निर्णयबाट भने फेरि मुख्यमन्त्री शाह अप्ठ्यारोमा परेका छन् । माओवादी केन्द्रले आलोपालो मुख्यमन्त्री सहित एजेण्डामा छलफल हुनै बाँकी रहेकाले विश्वासको मत यथास्थितिमा नदिने निर्णय गरेको छ ।

माओवादी केन्द्रको निर्णयले सुदूरपश्चिम प्रदेशमा दोस्रो सरकार पनि नटिक्ने संकेत देखिएको छ । २६ पुसमा मुख्यमन्त्री नियुक्त एमाले नेता राजेन्द्रबहादुर रावलले पनि विश्वासको मत पाउन नसकेपछि सरकार बदलिएको थियो ।

त्यसबेला नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत नदिएकाले सवैभन्दा ठूलो दलका नेताको हैसियतमा कांग्रेस नेता शाह मुख्यमन्त्री नियुक्त भएका थिए । तर त्यहीबीचमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले छोडेर कांग्रेस नेतृत्वमा जाने निर्णय लिए । प्रचण्डले लिएको निर्णयले अरु प्रदेश सरकार अस्थिरतातिर धकेलिएको छ । किनकि यसअघि एमाले नेतृत्वको गठबन्धनबीच मुख्यमन्त्रीहरुको बाँडफाँड भएको थियो ।

> लामो राजनीतिक संघर्षको प्रतिफलका रुपमा २०७२ मा संविधानसभाबाट जारी संविधान अनुसार, गत मंसिरमा आमनिर्वाचन सम्पन्न हुनुलाई लोकतन्त्र संस्थागत हुँदै गएको मानक मान्न सकिन्छ । तर त्यसपछि देखिएका केही दृश्यले भने राजनीतिमा अझै विश्वासको वातावरण तयार हुन नसकेको टिप्पणी गर्न सकिन्छ ।

प्रचण्डले गठबन्धन बदलेकाले अब कांग्रेससँग माओवादी केन्द्र सहित सत्तारुढ आठ दलबीच गठबन्धन गर्नुपर्नेछ । प्रधानमन्त्री प्रचण्डले चाँडै सरकार परिवर्तन र मन्त्रिपरिषद् विस्तारको निर्णय लिने सार्वजनिक अभिव्यक्ति दिएका छन् । १० पुसमा एमालेसँग बनेको गठबन्धनमा सामेल राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीले पनि सरकार छोडेकाले प्रचण्ड मन्त्रिपरिषद् विस्तार गर्नैपर्ने दबावमा समेत छन् । तर गठबन्धन बदल्दा पनि सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीले विश्वासको मत पाउने सजिलो देखिएन ।

यसले सरकार परिवर्तन भइरहने मात्रै नभएर राजनीतिप्रति नागरिकको विश्वास डगमगाउन पुगेको बुझ्न अप्ठ्यारो पर्दैन । किनकि नेताहरुले पदका निम्ति जस्तोसुकै निर्णय गर्छन् भन्ने पछिल्ला घटनाक्रमले देखाउँछ ।

१० पुसमा प्रधानमन्त्री बन्न प्रचण्डले कांग्रेससँग गठबन्धन तोडेर एमालेतिर जाने निर्णय लिएका थिए । तर फेरि राष्ट्रपतिको चुनावमा १२ फागुनमै प्रचण्ड पुरानै गठबन्धनमा फर्किए । प्रचण्डले मात्रै नभएर एमालेले पनि पदकै निम्ति माओवादीसँग गठबन्धन गरेको थियो । – बाँकी पृष्ठ २ मा

# सुस्त सरकार

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको पहिलो निर्णय हो - सेवाग्राहीले सास्ती व्यहोर्नुपर्ने विभिन्न कार्यालयको सेवामा सुधार गर्ने । अर्थात, राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) आदि वितरण हुने कार्यालयको सेवामा शीघ्र सुधार गर्ने । राहदानी बनाउन लामो लाइन बस्नुपर्ने अवस्था अन्त्य गर्न र नागरिकलाई सास्ती नहुने गरी काम गर्न गृहमन्त्रीलाई निर्देशन दिने निर्णय अनुसार गृहमन्त्रालयले पनि मातहतका निकायलाई निर्देश गरे । लाइसेन्स दिने कार्यालयमा पनि भीड हुने अवस्थाको अन्त्य गर्ने निर्णय पनि यही रुपमा निर्देशनको हदसम्म अगाडि बढ्यो ।

तर, मन्त्रिपरिषदको पहिलो बैठकले गरेको निर्णय अनुसार यसबीचमा अर्थतन्त्रमा सुधार, राजस्व चुहावट नियन्त्रण, सुशासन र जनतामा परिवर्तनको अनुभूति दिने गरी सेवामा सुधार आएको छैन । सरकारले सार्वजनिक सेवा चुस्त बनाउने भनी गरेको पहिलो निर्णयले गराएको सकारात्मक सञ्चार निराशामा – बाँकी पृष्ठ २ मा



यो सरकार गठन भए लगत्तै प्रधानमन्त्री, मन्त्रीहरुले राहदानी विभागमै गएर चासो देखाउनुभएको थियो । आज पनि लाइन त्यतिकै छ । पासपोर्ट लिनका लागि लाइन बस्नुपर्ने स्थिति कहिलेसम्म ?

● रामहरि खतिवडा
सांसद, कांग्रेस

वैदेशिक रोजगार विशेष

# किन माग्यो विभागले शोधभर्ना रकमको विवरण ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आवश्यक छलफलपछि मात्रै स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट पठाएका कामदार तथा सेवा शुल्क बापत प्राप्त रकमको विवरण वैदेशिक रोजगार विभागमा बुझाउन व्यवसायीलाई आग्रह गरेको छ ।

विभागले फागुन १६ गते स्वच्छ एवम् मर्यादित भर्ना प्रक्रियामार्फत कामदार पठाउने म्यानपावर कम्पनीलाई प्रोत्साहित गर्ने भन्दै कामदारको संख्यासहित प्राप्त सेवा शुल्कको विवरण पठाउन संघमार्फत आग्रह गरेको थियो ।




विभागको उक्त पत्रपछि वैदेशिक रोजगार व्यवसायीहरूले संघमार्फत पत्र लेख्ने विभागको कदमप्रति अनेकौं कोणबाट छलफल गरिरहेका थिए । सोही अवस्थामा शुक्रबार विज्ञप्ति जारी गर्दै संघले विवरण पठाउने विषयमा थप छलफल आवश्यक रहेको भन्दै तत्काल विवरण पठाउन आवश्यक नरहेको बताएको छ ।

विभागले गत सोमबार एक सूचना जारी गर्दै नेपाल सरकारले विगत लामो समयदेखि स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट वैदेशिक रोजगारीमा कामदार पठाउने नीति कार्यान्वयन गरिरहेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई संघमा आवद्ध व्यवसायीलाई सो नीति अर्थात् फ्रि भिसा – बाँकी पृष्ठ २ मा

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: LOVE RESTAURANT CO. देश: Kuwait

पूर्व स्वीकृति मिति : २०७९/११/१७ LT. No.281797 चलानी नं.६०१९७३५६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Waiter/Waitress | 7 | 10 | 120 | ५१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २५ गते (9th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले] | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1100/073/074

S.S.Group of management pvt.Ltd.
Subidhanagar–35, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com



## माधव...

पाँचै वर्ष सरकार बाहिर रहनुपर्ने अवस्था सिर्जना भएको थियो ।

तर, आफैं प्रधानमन्त्री बन्नेगरी माधव नेपालले १० पुसको गठबन्धन भत्काएर चुनाव अगाडिकै गठबन्धन ब्युताउन सफल भए । प्रधामन्त्री बनाउन असहयोग गरेको कांग्रेस, एकीकृत समाजवादी सहितका दलले प्रचण्डलाई विश्वासको मत दिए । सरकारमा सहभागी नभएको दलले विश्वासको मत दिएपछि पूरानै गठबन्धन ब्युताउने प्रयास भएको सार्वजनिक भएकै थियो । त्यसपछि एमालेले माधव नेपाललाई पार्टी अध्यक्षदेखि प्रधानमन्त्री र राष्ट्रपतिसम्मको अफर गर्‍यो । तर, कुटील चाल भन्दै माधव नेपालले अस्वीकार गरे ।

## विश्वासका...

कांग्रेस गठबन्धनमा रहेको माओवादीलाई प्रधानमन्त्री दिनुमा एमालेको स्वार्थ प्रष्ट थियो, सरकारमा जाने र संवैधानिक नियुक्ति लिने । त्यसैअनुसार राष्ट्रपति, प्रतिनिधिसभाको सभामुख, प्रदेशहरुको सभामुख र उपसभामुखहरु भागबण्डामा लिएको थियो । तर मन्त्रिपरिषद् बिस्तारमा एमाले हावी हुन थालेपछि प्रचण्डले गठबन्धन बदले ।

## सुस्त...

बदलिन थालेको छ। कारण- फेरि पनि राहदानी विभागको लाइन हटेको छैन्। अस्पतालमा सेवा लिनेहरुका गुनासा उस्तै छन् । मालपोत र जिल्ला प्रशासन कार्यालयले दिने सेवा प्रवाहले छिटोछरितोपन आउन सकेको छैन् । महङ्गी मनलाग्दी बढेको छ । तर, अनुगमनकारी र नियमनकारी निकाय सुस्त देखिन्छन् ।

तथापि, सरकारले सार्वजनिक बिदाका दिन पनि बी भीड हुने सरकारी कार्यालय खोल्ने र सेवा दिने निर्णय गरेको छ । गृहमन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यदलले कुनकुन बिदाको दिन कुन कुन कार्यालय खुल्ने भन्ने खाका तयार गरेको छ । जस अनुसार वर्षभरका ५२ वटा शनिबार भने सरकारी कार्यालय खुल्दैनन्। कुल जनसंख्याको करिब ३/४ प्रतिशतभन्दा कम संख्या रहेका समुदायको चाडबाड, जात्रा जात्रा, पर्व, जयन्ती जस्ता प्रकृतिका सार्वजनिक विदामा कार्यालयहरु खुल्नेछन् ।

नेपाली कांग्रेसका सांसद रामहरि खतिवडा सरकारको निर्णय, व्यवहार र कार्यान्वयनमा एकरुपता देख्दैनन् । निर्णय गर्ने तर, कार्यान्वयन गर्न नसक्ने वर्तमान सरकारको नियति देखा परेको उनलाई लाग्छ। उदाहरणका रुपमा उनी सर्वसाधारणका लागि राहदानी लिन सहज बनाउन सरकारले पहल गर्न नसक्नु नै रहेको दोहोर्‍याउँछन् ।

'यो सरकार गठन भए लगत्तै प्रधानमन्त्री, मन्त्रीहरुले राहदानी विभागमै गएर त्यसबारे चासो देखाउनुभएको थियो। आज पनि लाइन त्यत्तिकै लामो छ । पासपोर्ट लिनका लागि रातभरि लाइन बस्नुपर्ने स्थिति कहिलेसम्म ?' उनको प्रश्न छ। पासपोर्ट (राहदानी) लिनका लागि एक महिना पर्खनुपर्ने र पासपोर्ट लिनका लागि महँगो शुल्क तिर्नपर्ने अवस्था रहेको पनि उनी बताउँछन् । १४ सय लागतमा बनेको पासपोर्ट लिनका लागि २० हजारसम्म तिर्नुपर्ने अवस्था रहेको भन्दै उनले १२ फागुनमा प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रश्न गरेका थिए, 'एउटा गरिबका लागि राज्यले नै यस्तो महँगो शुल्क लिन कति जायज हो ?'

## किन माग्यो...

फ्रि टिकट अनुसार कामदार पठाई सेवा शुल्क पाउने म्यानपावर संस्थाहरूको विवरण पठाउन आग्रह गरेको थियो ।

संघका महासचिव मेघनाथ भुर्तेलले विभागले माग गरेको विवरण विभागसँगै रहेकोले संघमार्फत पहलकदमी लिएर विवरण पठाउनुपर्ने आवश्यकता नदेखिएको मध्यान्ह दैनिकलाई बताए । विभागले व्यवसायीलाई पत्र पठाएको आइतबार एक हप्ता पुग्दैछ ।

विभागले मुख्यगरी मलेसिया कामदार पठाएका म्यानपावर कम्पनीहरूलाई लक्षित गरी उनीहरूले स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट कामदार पठाएको देश, गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको हालसम्मको विवरण र कामदार पठाएर रोजगारदाताबाट म्यानपावर कम्पनीले शोधभर्नाबापत पाएको रकमको विवरणसमेत पठाउन आग्रह गरेको छ ।

विभागले वैदेशिक रोजगारीका लागि दर्ता भएका म्यानपावर कम्पनीलाई स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीमा सूचीकृत हुन धेरै अघिदेखि आग्रह गर्दै आएको छ । म्यानपावर कम्पनीहरू उक्त प्रणालीमा सूचीकृत नहुँदा वैदेशिक रोजगारमा जाने कामदारले जोखिम एवम् आर्थिक शोषणमासमेत पर्ने गरेको दाबीसमेत विभागले गर्ने गरेको छ ।

संघका महासचिव भुर्तेलले इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायीले वैदेशिक रोजगार ऐन २०६४ तथा विभिन्न समयमा नेपाल सरकारबाट आएका नीति, नियम र निर्णयहरु पूर्णरुपमा पालना गर्दै वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिहेको भन्दै संघले सेवा शुल्क परिमाजर्न गर्न पटक-पटक विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा जानकारी गराउँदासमेत कुनै सुनुवाइ नभएको गुनासो गरे ।

उनले २०७२ असार २१ गतेको राज्यमन्त्रीस्तरीय निर्णयले लागू गरिएको फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा असहमतिका बाबजुद कामदार पठाइरहेको उल्लेख गर्दै विभागले माग गरेको विवरण हरेक आर्थिक वर्षको अन्त्यमा व्यवसायीले वैदेशिक रोजगार विभागमा बुझाउने गरेको र आवश्यक विवरण विभागमा नै हुने हुँदा हाल माग गरिएको विवरण आवश्यक छलफल गरेरमात्र बुझाउने निर्णय गरेको बताए ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६४/०४/०२ मा दर्ता भएको **प्रा.लि. नं. ४६८५४** को **मायावती पावर कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### जनमैत्री हस्पिटल प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/११/२१ गते आईतबार**

बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६, बालाजु स्थित जनमैत्री हस्पिटल द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **जनमैत्री हस्पिटल**, काठमाडौं महानगरपालिका, वडा नं १६, बालाजु<br>सम्पर्क नं. ९८५१०४४५३७, ९८४५१९९०१० |
| **प्रस्तावको व्यहोरा** | विभिन्न रोगहरु सम्बन्धी बिरामीहरुको स्वास्थ्य उपचारको लागि बहु विशेषज्ञ चिकित्सा सेवा सहित १०० शैया क्षमताको जनमैत्री हस्पिटल निर्माण तथा संचालन गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका** | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६ |

माथि उल्लिखित १०० शैया क्षमताको अस्पताल प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६ तथा त्यस क्षेत्रका विध्यालय, अस्पताल, स्वास्थ्य-चौकी तथा सरोकार वाला व्यक्ति वा संस्थाको राय-सुझाव लिन आवश्यक भएकोले तल उल्लिखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमूल्य राय-सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :**
**मिति** : २०७९ साल फागुन २३ गते, मंगलबार ।
**स्थान** : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १६ को कार्यालय प्राङ्गणमा
**समय** : दिउँसो १:०० बजे ।

---

**मलेसियामा रोजगार | कम्पनी: RESTORAN MECHI KALI**

पूर्व स्वीकृत मितिः २०२३/०३/०३ चलानी नं.: ६०१९७५३३ LT. No.: 282016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 10 | 0 | स. काममा दक्ष | 1500 | ४५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी: L & H MANUFACTURING SDN BHD**

पूर्व स्वीकृत मितिः २०२३/०३/०३ चलानी नं.: ६०१९७५३४ LT. No.: 282017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुन २८ गते (12 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**लक्की ओभरसिज प्रा. लि.** (LUCKY OVERSEAS)
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५५५३०५५, ०१-५५५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६

---

### विष्णुपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**विष्णुपुर प्र.म, सिरहा**
**मधेश प्रदेश, (नेपाल)**

### शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९।११।२१)**

विष्णुपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको लागि आवश्यक भएको तपशिल बमोजिमका निर्माण कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट कार्य गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायी, फर्म, कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको शिलवन्दी दरभाउपत्र फारम भरि पेश गर्न १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता र आ.ब. २०७८।०७९ को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपीका साथै निवेदन साथ दरभाउपत्रको दस्तुर रु. १०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) जम्मा गरेको नगदी रसिद सहित दरभाउपत्रदाता वा निजको अधिकारिक प्रतिनिधिले पेश गरेमा यस गाउँपालिकावाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
३. दरभाउपत्र साथ जमानत वापतको रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड शाखा कार्यालय विष्णुपुर स्थित विष्णुपुर गाउँकार्यपालिकाको कार्यालय, विष्णुपुर प्र.म., सिरहाको धरौटी 16801400000086 खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त बैंकवाट यस गाउँपालिकाको नाममा जारी भएको सक्कल विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ । (कार्यालय कोड नं. १६-३६५-२९, विष्णुपुर गाउँकार्यपालिकाको कार्यालय, विष्णुपुर प्र.म., सिरहा) ।
४. म्याद नाघि आएको, रीत्त नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
६. दरभाउपत्रदातावाट पेश भएको दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।
७. यस सम्वन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**तपशिलः-**

| सि. नं | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (कन्टिन्जेन्सी र मू.अ.कर वाहेक) | जमानत रकम रु. | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/Works-03-2079/080 | शिवनाथ गुप्ता घरदेखि सोनाई घरसम्म नाला निर्माण वडा नं.१ | १२८७६११।२३ | ३९०००।०० | २०७९।१२।०५ समय ५:०० बजे सम्म | २०७९।१२।०६ समय १२:०० बजे सम्म | २०७९।१२।०६ समय १४:०० बजे सम्म |
| २ | BRM/Works-04-2079/080 | चन्देश्वर यादवको घरदेखि सल्हेश मन्दिरसम्म नाला निर्माण कार्य वडा नं. ५ | १२८७६११।२३ | ३९०००।०० | | | |
| ३ | BRM/Works-05-2079/080 | रामदयाल साह घर देखी प्रमेश्वर घरसम्म नाला निर्माण वडा नं. २ | १२८७६११।२३ | ३९०००।०० | | | |
| ४ | BRM/Works-06-2079/080 | पुरुसोत्तम साहको घरदेखी भठीचौक जाने सडक ढलान वडा नं. ५ | १७१६८१२।३० | ५२०००।०० | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**मलेसियामा रोजगार** कम्पनी : **ACIER STEEL FABRICATIONS SDN.BHD.**
शहर : Malaysia, Senai

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७५२६ LT. No.: 281947

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | स. काममा दक्ष | 1500 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन २८ गते (12 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seven Seas Intercontinental Services Pvt. Ltd.**
Lic No.888/067/068
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mobile: 9801650007 | 9801650001 | 9801650009 | 9801650002 | 9801650003 | 9801122224
E-mail : info@smanpower.com / Web.: www.smanpower.com

---

**MALAYSIA मा रोजगार | कम्पनी : LIM SIN YONG**

पूर्व स्वीकृत मितिः २०२३/०३/०३ चलानी नं.: ६०१९७५३१ LT. No.: 281243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २८ गते (12 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**जोइन्ट रिसोर्स म्यानेजमेन्ट प्रा.लि.**
मित्रपार्क, काठमाडौं, फोन : ०१-५९१०३२७, ०१-५९१०३२८,
E-mail : jointresourcemanagement2017@gmail.com
श्रम इजाजत पत्र नं.: १०७९/०७३/०७४

---

**UAE मा रोजगार** कम्पनी : **SALAWAN SECURITY AND CLEANING SERVICES LLC.**

पुर्व स्वीकृत मितिः २०२३/०३/०२ चलानी नं.: ६०१९७४०७ LT. No.: 281873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Guards | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard | 7 | 0 | | 1200 | ४२,७५६ | | | | | | | |
| 3. | SECURTIY GUARD | 20 | 0 | | 1200 | ४२,७५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २८, २९ र ३० गते (12, 13 & 14 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SUNRISE H.R. SOLUTION PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel.: 01- 5907848
Mob.: 9862403017, 9803755066, 9851062224, 9818041384, 9849162085
Email: sunrisehrsolution2074@gmail.com., Web.www.sunrise.com.np
Gov. Lic No. 1216/074/075

---

### शैलुङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**काटाकुटी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/११/२१**

यस कार्यालयको मिति २०७९/१०/०६ को हिमालय टाइम्स पत्रिकामा प्रकाशित तपसिल बमोजिमको खानेपानी योजनाहरु निर्माण सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको ITB 29, ITB 30 र ITB 32 अनुसार मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा ITB 25.9 तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(ड) को उपनियम ५ बमोजिम निजहरुको आर्थिक प्रस्ताव तपसिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा ITB 25.7 र ITB 25.8 बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| योजनाको नाम | ठेक्का नं. | प्राविधिक रुपमा योग्य बोलपत्र पेश गर्ने बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति र स्थानः |
|---|---|---|---|
| Bagheodar Pakhatol Water Supply Project | SRM/NCB/W/07-2079/080 | 1) PKB Nirman Sewa, Pachpokhari, Sindhupalchwok<br>2) Barsha Nirman Sewa, Dadhikot, Bhaktapur<br>3) Bhimeshwor/Diyal JV, Charikot, Dolakha<br>4) Phasku/New National JV, Charikot, Dolakha | २०७९।११।२८ दिनको १:०० बजे, शैलुङ गाउँपालिकाको कार्यालय, काटाकुटी, दोलखा । |
| Golmokhola Dudhpokhari Kallabari Water Supply Project | SRM/NCB/W/08-2079/080 | 1) Gautam Shakti/Bhumesthan JV, Sindhupalchwok | |

**प्रमुख प्रशासकीय अधिकृत**

# 'अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी सरकार अगाडि बढेको छ'

**काठमाडौं/मस–** राष्ट्रिय योजना आयोगका कार्यवहाक अध्यक्ष डा. रामकुमार फुँयालले नेपालको अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी अगाडि बढेको बताएका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सहकार्यमा तराई विकास तथा सञ्चार केन्द्र नेपालले शुक्रबार राजधानीमा गरेको 'नेपालमा प्राविधिक शिक्षाको अवस्था, रोजगार सृजनामा सञ्चारक्षेत्रले खेल्न सक्ने भूमिका' विषयक कार्यक्रममा बोल्दै कावा उपाध्यक्ष फुँयालले सो कुरा बताएका हुन्।

उनले नेपाल सरकार सामाजिक-आर्थिक रुपान्तरणसहित समतामूलक, लोककल्याणकारी, न्यायपूर्ण र समावेशी समाज निर्माणको अभियानमा जुटेको जिकिर गरे।

'राज्यले केही गर्दै नगरेको र केही हुँदै नभएको होइन शिक्षा र स्वास्थ्य क्षेत्रमा ठूलो लगानी भइरहेको छ। जसअन्तर्गत मानव संशाधनको विकास गर्ने, त्यसको सही ढंगबाट परिचालन गर्ने र पूर्णरुपमा व्यवस्थापन गर्दै मुलुकलाई समृद्धितर्फ अगाडि बढाउने राष्ट्रिय सोच रहेको छ। अहिले भएकै चीजहरुबाट धेरै कुराको समाधान गर्न सकिन्छ।'

नेपाली जनतालाई सुख र खुशी प्रदान गर्नकै लागि नेपाल सरकार केन्द्रित भएर काम गरिरहेको बताउँदै उनले अबको अर्थनीति उत्पादन, रोजगारी सिर्जना र उद्यमशिलता बढाउनेतर्फ केन्द्रित रहने जानकारी दिए। उनले भने, 'राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्षका लागि बजेट सिलिङ तयार गरेका छौं, जसमा बजेटको आकार घटाइएको भएपनि आगामी आर्थिक वर्ष २०८०/८१ लागि तयार भएको बजेटमा उत्पादन, रोजगारी सिर्जना र उद्यमशीलतालाई फोकस गरिएको छ।'

कार्यवहाक उपाध्यक्ष फुयालँलले राष्ट्रिय योजना आयोग एउटा थिङ्क ट्याङ्क भएको बताए। 'राष्ट्रिय योजना आयोगले बजेट बनाउने, पोलिसी बनाउने र नीतिहरु तर्जुमा गर्ने र आवधिक योजनाहरु निर्माण गरेर त्यसलाई स्वीकृत्तिपश्चात् कार्यान्वयनमा पठाउने गर्दछ। समग्रमा भन्नुपर्दा देशको भोलीको भविष्य कस्तो हुन्छ भन्ने पिक्चर तयार गर्दछ' उनले भने।

राष्ट्रिय योजना आयोगले कार्यान्वयनमा गएका महत्वपूर्ण योजनाहरु कार्यान्वयनमा गयो गएन भनेर अनुगमन र समन्वयको काम समेत गरिररहेको छ। कावा उपाध्यक्ष डा. फुँयालले भने, 'योजना कार्यान्वयनमा कुनै कानुनी जटिलता लगायतका विषयहरुमा समेत कुनै बाधा व्यवधान सिर्जना भएमा निकायगत समन्वय गरिरहेको छ।'

श्रम बजारमा हरेक वर्ष ५ लाख मानिस बाहिर आइरहेका छन्, ती मानिसहरुलाई कसरी व्यवस्था गर्ने भन्ने विषयमा सही सूचना राख्नुपर्ने उनले बताए। 'राज्यको तर्फबाट कति रोजगारी सिर्जना भयो रु निजी क्षेत्रमा कति रोजगारी सिर्जना भए ?' भन्ने विषयमा स्पष्ट सूचना हुनुपर्दछ।' यद्यपि नेपालमा सरकारी स्तरबाट भन्दा बाहिरबाट बढी रोजगारीको सिर्जना हुने गरेको उनको बुझाइ रहेको थियो।

श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गराउन सरकारका अन्तरमन्त्रालयबीच समन्वयकारी भूमिका प्रभावकारी रहनुपर्नेमा उनको जोड थियो। नेपालको सञ्चार क्षेत्रको विषयमा कुरा गर्दै कावा उपाध्यक्ष फुँयालले मुलुकको समृद्धिका लागि सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताए। उनले भने, 'मुलुकको समृद्धिका लागि मिडियाको महत्वपूर्ण भूमिका छ, राम्रा कुराहरुलाई राम्रो र नराम्रा कुराहरुलाई पनि सत्य तथ्यमा आधारित भएर सम्प्रेषण गर्नुपर्दछ।'

पछिल्लो समय मिडियाले नकारात्मक रोल बढी खेलिरहेको उनको ठम्याई थियो। उनले भने, 'सूचनाको पहिलो स्रोत नै नकारात्मक भइरहेका छ, यो हुनुहुँदैन। सञ्चारकर्मीहरुले सरकारले गरेका राम्रा कुरालाई पनि प्राथमिकता दिई सम्प्रेषण गर्नुपर्दछ।'

कार्यक्रममा श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले डिजिटल प्लेटफर्म रोजगार बैंकको स्थापना गरी रोजगारदाता र श्रमिकलाई जोड्ने काममा मन्त्रालय लागि परेको बताए। पछिल्लो समय रोजगारदाता र श्रमिकबीच सम्पर्क हुन नसक्दा श्रमिकले काम पाउन नसकेको र रोजगारदाताले श्रमिक पाउन नसकेको अवस्था विद्यमान रहेको भन्दै रोजगार बैंकको स्थापनासँगै यो समस्या समाधान हुने सचिव अर्यालले दाबी गरे।

सरकार र विभिन्न निकायहरुले प्रदान गर्ने तालिम प्रभावकारी र व्यवस्थित हुन नसकेको उनले बताए। 'स्थानीय सरकार र प्रदेश सरकारहरुले समेत तालिम दिइरहेको छ। खर्चको हिसाब हेर्दा निकै नै बढी खर्च भइरहेको देखिएको छ। तर थुप्रै कमजोरीहरु भेटिएका छन्,' उनले भने, 'एउटै मानिसले पटक पटक तालिम लिइरहेका छन्। धेरै तालिम लिएर मात्र विज्ञता बढ्दैन। झन् जिरो स्केल अर्थात मानइसतिर जाने गर्दछ।' उनले धेरै तालिम लिएका दक्ष र उच्च पदमा गएपछि विद्धान हुन्छ भन्ने मान्यता गलत रहेको जिकिर गरे।

सचिव अर्यालका अनुसार दैनिक २ हजार ५ सयको हाराहारीमा मानिसहरु विदेशिइरहेका छन्। त्यो बाध्यता हो। विदेशिने बाध्यता न स्वयम् व्यक्तिको हो न राज्यको। तर मानिसहरु बढी अवसरको खोजीमा हुन्छ। बढी आम्दानीको आशामा मानिसहरु विदेशिने उनको भनाइ छ।

उनले मन्त्रालयले सञ्चालनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताको बारेमा जानकारी गराएका थिए।

सचिव अर्यालले भने, 'बेलायत सरकारले दशौं हजार दक्ष नर्सिङ जनशक्तिको माग गरिरहेको छ, तर हाम्रो नर्सिङ कलेजहरु बन्द छन्, यो राम्रो होइन, तत्काल नै बन्द नर्सिङ कलेजहरु सुचारु गर्ने वातावरण बनाउनुपर्छ।'

यस्तै शिक्षा सचिव रामकृष्ण सुवेदीले स्वदेशमा भएका प्राविधिक जनशक्तिलाई नेपालमै रोजगारी दिनुपर्नेमा जोड दिए। 'नेपाल सरकारले लगानी गरेर उत्पादन गरेका जनशक्तिलाई हामीले विदेश जान उत्प्रेरित गरिरहेका छौं। यो किन भइरहेको छ ?' उनले गम्भीर प्रश्न गरे।

त्यसैगरी कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले उत्पादन भएका जनशक्तिलाई समेत नेपालमै रोजगारी दिन नसकिएको बताए। 'नेपालमा जनशक्तिको आवश्यकता भएपनि ती जनशक्तिलाई स्वदेशमै रोजगारी दिन सकिएको छैन' उनले भने, 'नेपालमा पारिश्रमिकको विषयमा पुनर्विचार गर्नुपर्दछ।'

## अमरगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/११/२१**

यस कार्यालयबाट मिति २०७९।०९।१७ गते E-Bidding मार्फत प्रकाशित Construction of Adminstration, Academic, Canteen and Toilet of Ugratara School Ward No 07 Dadeldhura निर्माण कार्य को बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक मुल्याङकनमा उतिर्ण भएका बोलपत्रदाताहरुको विवरण तपशिल बमोजिम सार्वजनिक गरिएको छ।

**तपसिलः**

| सि.नं. | बोलपत्रदाताको नाम र ठेगाना | आयोजनाको नाम र ठेगाना | ठेक्का नं. |
|---|---|---|---|
| 1 | Rudrawati Nirman Sewa- Rupal-6, Dadeldhura | Construction of Adminstration, Academic, Canteen and Toilet of Ugratara School Ward No 07 Dadeldhura | AM/DDL/WORKS/ NCB/03-2079/080 |
| 2 | Bibhor- Unnati Nirman Sewa- Dipayal, Silgadi-6 , Doti | | |
| 3 | Kiran Construction - Attariya Kailali | | |
| 4 | Shivlinga- Divya Jyoti J.V.- Bedkot-09, Kanchanpur | | |
| 5 | Chadani Construction- Amargadhi-05 Dadeldhura/Dhangadhi-03 | | |

## Chhathar Jorpati Rural Municipality
## Office Of The Rural Municipal Executive
**Jorpati, Dhankuta**

### Invitation for Online Bids

**Date of publication: 2079/11/21 (2023-March-05)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites electronic bids only from eligible bidders for the following contracts under National Competitive Bidding. Bidding is open to all eligible as per Section V of bidding document. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| Contract ID & Description | Estimated Amount (without Vat & PS) | Average Annual Turnover of the Best 3 years within the last 10 years (NRS) | Minimum work Experience of Similar size and nature (NRS Without VAT) | Bid Security | Bid Document fee | Remarks |
|---|---|---|---|---|---|---|
| 07/CJRMUN/NCB/2079/080 Construction of Shree Saraswati Secondary School, Sindhuwa , Dhankuta | NA | 2,95,00,000/- | 1,00,00,000 /- | 7,00,000/- | 5000/- | SSDE |
| 04/CJRMUN/SQ/2079/080. RM Building Truss Work | 17,33,394.15 | NA | NA | 49,000/- | 1000/- | Sealed Quotation |
| 05/CJRMUN/SQ/2079/080 Supply and delivery of books | 13,18,603.0 | NA | NA | 33,000/- | 1000/- | Sealed Quotation |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

**Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.**
**Name of Office : Chhathar Jorpati Rural Municipality, Jorpati,Dhankuta.**
**Office Account Name and No. : Antarik Rajaswa Khata 20901017500044**

4. Bid security amount deposited at Name and A/C No. **Dharauti Khata 20901017500025** on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Lt Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all bids without assigning reason whatsoever before the contract, Similarly, the contract signing shall take place after the approval of the Master Procurement Plan (MPP) of the project from the concerned authority
7. After the completion of evaluation of technical bids, all the technically substantially responsive bidders will be invited to attend the opening of price bids. The time,date and place of opening of price bid shall be notified in writing and/or by publishing notice
8. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

### काठ लिलाम विक्री बारे २१ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/११/२१**

**सरस्वती सा.व.उ.स., उदयपुरगढि गा.पा.–६** ले आ.व. २०७२/०७३ मा उत्पादन गरेको लट नं १ साल जातको गोलिया थान २७ को २६४.३६ क्यु फिट काठ विक्री वितरण गर्नको लागि यो सूचना प्रकशित गरिएको छ। थप जानकारिको लागि सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अन्नपूर्ण, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७९/११/२१)**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०९/२२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिका वडा न ८ मा रहेको मोटरेवल पुल निर्माण कार्यको लागि विद्युतीय बोलपत्रमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०७९/११/१९ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागि विद्युतिय बोलपत्र आव्हान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका विद्युतिय बोलपत्रहरुमध्ये तपसिल बमोजिमको विद्युतिय बोलपत्रदाताको विद्युतिय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS Item समेत) |
|---|---|---|---|---|
| १. | 09/BHO/TRM/ BRDG/079/80 | Construction of Gogane Khola Motorable Bridge Temkemaiyung Rural Municipality, ward no. 08, Gogane | यू.डि. विल्डर्स कम्पनी प्रा.लि., भोजपुर न.पा.-०५ | ३,१३,१८,३१८.५० |

**प्रमुख प्रशासकीय अधिकृत**

## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बाह्रबिसे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

**सूचना प्रकाशित मिति :- २०७९/११/२१**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०७९/१०/१८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यमद्वारा पेश हुन आएका दरभाउपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको दरभाउपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | दरभाउपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | SPRM/SQ-03/079/80 | Supply & Delivery of Medicine Items for Health Service | डालिमा मेडिसेल्स प्रा.लि., काठमाण्डौं, नेपाल | रु.७,८४,४८०।०० (अक्षरुपी सात लाख चौरासी हजार चार सय अस्सी रुपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२१ फागुन २०७९, आइतबार
5 March 2023, Sunday

## सम्पादकीय

### सुख्खाको भय

गएको आइतवार राजधानीसहित देशका विभिन्न स्थानमा फाटफुट वर्षा भयो । यसवर्षको हिउँदको पहिलोपटक वर्षा हुँदा धेरैले राहत महसुस गरे । तर आइतवारको वर्षा नाम मात्रको थियो । त्यसयता वर्षा भएको छैन भने समग्रमा वर्षा विना नै यस वर्षको हिउँद सकिएको छ । सामान्यतः डिसेम्बरको दोस्रो साता आसपास हिउँदे वर्षा हुने गरेकोमा यसवर्ष भने वर्षा नहुँदै तापक्रम वृद्धि हुन थालेको छ । सुख्खा यामको प्रत्यक्ष असर पर्यावरणदेखि दैनिक जनजीवन र जनस्वास्थ्यसम्म पर्न थालेको छ । सुख्खा बढदै जाँदा हिमालहरू हिउँको अभावमा नाङ्गो बनेका छन् । यसले खडेरी निम्तिएर विकराल रूप लिँदै गएको अध्ययनहरूले देखाएका छन् । सुख्खा बढ्दा महामारीजन्य रोगहरूको जोखिम रहन्छ । कतिपय अवस्थामा महामारीजन्य रोगहरूको नियन्त्रण चुनौतीपूर्ण हुने विगतको अनुभव छ ।

पछिल्ला १६ वर्षमा १० वटा वर्ष हिउँदे वर्षा नभएर सुख्खा भएका थिउ । तथ्यांक हेर्दा ती वर्षहरूमा औसतभन्दा कम वर्षा भएको देखिन्छ । पछिल्ला वर्षहरूमा यसरी सुख्खा हिउँद हुनु जलवायु परिवर्तनको प्रमुख असर भएको मौसमविद्हरू बताउँछन् । प्राकृतिक प्रणाली वाहेक मानवीय गतिविधिले ग्लोबल वार्मिङ बढाउने काममा ठूलो भूमिका खेलेको र यसैको असर मौसमी प्रणालीदेखि जनजीवीका र मानव स्वास्थ्यसम्म परेको उनीहरू बताउँछन् । बढ्दो सहरीकरण, पानीका स्रोत घट्नु तथा वन जंगल मासिदै जानुले ग्लोबल वार्मिङलाई बढावा दिएको छ । सन् १८८० यता पृथ्वीको तापक्रम सन् २०२२ मा यस शताब्दीकै छैटौँ गर्मी वर्षको रूपमा रेकर्ड भएको छ ।

